फोन नं. ०८२-४१७०७०
इमेल: pmamp.piudang@gmail.com
वेभसाइटः www.piudang.pmamp.gov.np

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
## परियोजना कार्यान्वयन एकाई
## दाङ

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन एकाइ, दाङ

### न्युनतम समर्थन मुल्यमा धान खरिद गर्न चाहने सहकारी संस्थालाई सुचिकृत हुने सम्बन्धी सुचना।

**प्रथम पटक सुचना प्रकाशित मिति २०८०/०६/०१**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना व्यवस्थापन एकाईको मिति २०८०/०५/१९ को पत्र बमोजिम उद्योग बाणिज्य तथा आपुर्ति मन्त्रालयबाट आ.व २०८०/८१ को लागि धानको न्युनतम समर्थन मुल्य मोटा धानको प्रति क्विन्टल रु ३१९८।- र मध्यम धानको प्रति क्विन्टल रु ३३६२।- निर्धारण भई आएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालय मार्फत आ.व २०८०/८१ मा कृषकहरुबाट उत्पादित धान न्युनतम समर्थन मुल्यमा खरिद गर्ने सहकारीलाई धानको भण्डारण, सुरक्षा र प्याकेजिङ्ग लगायतमा सञ्चालन खर्च उपलब्ध गराउने कार्यक्रम रहेकाले दाङ जिल्लाका ईच्छुक सहकारी संस्थाहरुले "न्युनतम समर्थन मुल्यमा धान खरिद र व्यवस्थापन गर्ने सम्बन्धी निर्देशिका, २०७७" को प्रावधान बमोजिम तपसिलमा उल्लेखित कागजात सहित सुचना प्रकाशन भएको मितिले १५ दिन २०८०/०६/१५ गते भित्र यस परियोजना कार्यान्वयन एकाई, लमही (रातो डाँडा) वा सम्पर्क कार्यालय घोराही र तुल्सीपुरमा सुचिकृत हुनको लागि इच्छापत्र पेश गर्नुहुन सबैको जानकारीका लागि यो सुचना प्रकाशन गरिएको छ ।

महेश रेग्मी
वरिष्ठ कृषि अधिकृत

तपसिलः

आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:

१. सूचि दर्ता गरिपाउँ भनी रु १० को टिकट टाँस गरिएको निवेदन ।
२. सहकारी संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
३. आ.व २०७९/८० को लेखा परीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
४. प्रस्तावना सम्बन्धी कार्य गर्नका लागि आधिकारीक व्यक्ति तोकेको निर्णय र निजको नेपाली नगरिकता प्रमाणपत्रको प्रतिलिपि ।
५. सम्बन्धित स्थानिय तहको सिफारिस पत्र ।
६. धान खरिद सम्बन्धमा निम्न बमोजिम विवरण उल्लेख भएको प्रस्तावना
   - सहकारी संस्थाको नाम र ठेगाना
   - सहकारी संस्थाको शेयर पूँजि
   - सहकारी संस्थाको कारोबार रकम
   - सहकारी संस्थाको कार्य क्षेत्र
   - खरिद गर्न चाहेको धानको परिमाण, किसिम
   - धान खरिद गर्न चाहेको स्थानिय तह वा वडा समेत खुल्ने गरी ईच्छुक क्षेत्रको विवरण
   - धान खरिदको लागि आवश्यक रकमको व्यवस्था र त्यसको श्रोत
   - खरिद गरेको धान भण्डारण तथा व्यवस्थापन सम्बन्धी विवरण
   - धान खरिद, ढुवानी भण्डारण, प्रशोधन एवं बजार व्यवस्थापन सम्बन्धी विवरण तथा त्यसको लागि आवश्यक साधन, उपकरण तथा जनशक्तिको व्यवस्थापन सम्बन्धी विवरण

विस्तृत जानकारीको लागि परियोजना कार्यान्वयन एकाई, दाङ वा कार्यालयको सम्पर्क नं. ०८२-४१७०७०/९८५७८४२०७० मौरी जोन ९८५७८४१०३२, तोरी जोन ९८५७८४१०३१ मा सम्पर्क राख्नुहोला ।